# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ


मिति: २०७५/०१/२५ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------------

मालपोत कार्यालय, सुर्खेतको मुद्दा फाँटमा कार्यरत खरिदार धर्मराज सुवेदी र खरिदार ओमबहादुर सुनारले मोहियानी हक दावी नामसारी गर्ने नियमानुसार हुने कामलाई नगरी उक्त काम छिटो छरितो गरीदिने प्रलोभन देखाइ सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतबाट खटिइ गएको टोलीले निजहरुलाई रु.२,००,०००/-(दुइ लाख) घुस वापतको रकम लिएको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजहरुलाई बिगो रु.२,००,०००/-(दुइ लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (घ) बमोजिम बिगो जफत गरी बिगो बमोजिम जरिवाना र छ महिना देखी एक वर्ष छ महिना सम्म कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता